# गोरखापत्र संस्थान

प्रधान कार्यालय, धर्मपथ, काठमाडौँ

## पत्रिका ढुवानीसम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथमपटक प्रकाशित मिति : २०७६।९।२६)

**सूचना नं. सा.प्र. ४।०७६/०७७**

यस संस्थानका प्रकाशनहरू नियमितरूपमा तपसिलबमोजिमका रूटहरूमा संस्थानले तोकेको समयमा आ.व. २०७६।७७ को लागि दैनिक रूपमा ढुवानी गराउन आवश्यक परेकोले इच्छुक ढुवानीसम्बन्धी इजाजत प्राप्त फर्म, कम्पनी एवं नेपाली नागरिकले गाडी भाडामा दिन आफूले चाहेको भाडादर प्रष्टरूपमा उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र रीतपूर्वक बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | ढुवानी स्थलमार्ग रूट | जम्मा गर्नुपर्ने धरौटी रकम | कैफियत |
|---|---|---|---|
| १. | काठमाडौँ-गल्छी-मलेखु-मुग्लीन-आँबुखैरेनी-डुम्रे-दमौली-खैरेनी-पोखरा | ४३,६८०।- | उल्लेखित मुख्य ३ वटा रूट भएर अन्यत्र सहायकमार्ग सदरमुकाम वा शहरमा जाने एकतर्फी दूरी दाँया, बाँया २०/२० कि.मी. भित्र पुऱ्याउनुपर्ने संस्थानका प्रकाशनका मुठाहरू तोकिएको समयभित्र पुऱ्याउने जिम्मेवारी टेण्डरदाता ढुवानीकर्ताको हुने र अन्यको हकमा सम्झौतामा उल्लेख भएअनुसार हुनेछ। |
| २. | मुग्लीन-नारायणगढ-भरतपुर-दाउन्ने-सुनवल-बुटवल-भैरहवा | २७,३००।- | |
| ३. | काठमाडौँ-फर्पिङ-हेटौडा-पथलैया-वीरगञ्ज | ३२७६०।- | |

**सर्तहरू**

१. बोलपत्रदाताले बोलपत्र सूचनामा तोकिएबमोजिमको धरौटी रकम संस्थानको ने.बैं.लि. काठमाडौँ अफिसस्थित चल्ती खाता नं. ००२००१००५०२४२५००००००१ मा नगद जम्मा गरी सोको बैंक भौचर वा मान्यता प्राप्त 'क' श्रेणीको वाणिज्य बैंकबाट सो रकम बराबरको कम्तिमा ९० दिनको बैंक ग्यारेन्टीको सक्कल प्रति संलग्न गरी बोलपत्र पेस गर्नुपर्नेछ।

२. बोलपत्र दर्ता गर्दा फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि, आयकर दर्ता प्रमाणपत्र, मू.अ.क. दर्ता प्रमाणपत्र, प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७५।०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, सवारी दर्ता तथा सवारी धनीको नाम प्रष्ट उल्लेख भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नागरिकताको प्रमाणित प्रतिलिपि, पासपोर्ट साईजको फोटो एक प्रति र संस्था नवीकरण समेतको प्रमाणित प्रतिलिपि सहित अन्य आवश्यक कागजातहरू संलग्न हुनुपर्नेछ।

३. बोलपत्र दिँदा सिलबन्दी खाम बाहिर **पत्रिका ढुवानी सम्बन्धी सिलबन्दी बोलपत्र** भन्ने प्रष्ट उल्लेख गर्नुपर्नेछ साथै श्रीमान् कार्यकारी अध्यक्षज्यू, गोरखापत्र संस्थान, प्रधान कार्यालय, धर्मपथ, काठमाडौँ नामले सम्बोधन गर्नुपर्नेछ।

४. यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ७ औँ दिन अर्थात २०७६/१०/३ गते दिनको १२:०० बजेभित्र बोलपत्र यस संस्थानमा दर्ता भइसक्नुपर्नेछ। उक्त दिन बिदा परेमा त्यसको भोलिपल्ट बुझाउन सकिनेछ। रीत नपुगेका, सर्तहरू राखिएका तथा म्याद नाघी आएका बोलपत्र उपर कुनै कारवाही गरिनेछैन। प्राप्त हुन आएका बोलपत्रहरू बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट दिनको २:०० बजे बोलपत्रदाताको उपस्थिति वा अनुपस्थितिमा संस्थानका प्रतिनिधिहरूको रोहवरमा संस्थान भवनमा खोलिने छ। यदि उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिन प्रस्तावक वा निजको प्रतिनिधीहरूको उपस्थिति वा अनुपस्थितिमा पनि बोलपत्र खोलिनेछ।

५. बोलपत्रमा उल्लेख गरेको दररेट अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी लेखिएको हुनुपर्नेछ। फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

६. बोलपत्रसम्बन्धी फाराम रु. ३०००/-(तीन हजार) फिर्ता नहुने गरी तिरी संस्थानको सामान्य प्रशासन शाखाबाट प्राप्त गर्न सकिने छ। उक्त फाराम भरी पेस गरेको बोलपत्रलाई मात्र मान्यता दिइनेछ।

७. माथि जुनसुकै कुरा लेखिएको भएता पनि प्रस्तावकलाई कुनै कारण जनाउ नदिइकन पनि बोलपत्रहरू आंशिक वा पूरै स्वकृित गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थानमा सुरक्षित रहने छ।

८. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५(पन्ध्र) दिनभित्र संस्थानमा उपस्थित भई सम्झौता गर्नु पर्नेछ।

९. अन्य विस्तृत जानकारीका लागि संस्थानको वितरण विभाग तथा सामान्य प्रशासन शाखामा सम्पर्क राख्न सकिने छ।

१०. यो सूचनामा नपरेका अन्य विषयमा नेपाल सरकारको प्रचलित ऐन नियमबमोजिम हुनेछन्।

**गोरखापत्र संस्थान**
सामान्य प्रशासन शाखा
फोन नं. ४२२३०७८